संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

बुलेटिन

मिति २०७७ बैशाख १५ सोमवार
अंक ३

daobhaktapur.moha.gov.np

तेस्रो अंकसम्म आइपुग्दा

हालसम्म नेपालमा ५१ जनालाई कोराना संक्रमण भइसकेको छ । सरकारले घोषणा गरेको लकडाउनको परिपालनामा जिल्लावासीहरुले गर्नुभएको सहयोग एवं तपाई हाम्रो सामुहिक प्रतिरोधको फलस्वरुप हालसम्म यस जिल्ला कोरोना संक्रमणमा परेको छैन् ।

कोरोना रोकथाम र नियन्त्रणका लागि तीनै वटा तहहरु, सरकारी निकाय, स्वास्थ्यसंस्था, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, निजी क्षेत्रका उद्योगी व्यवसायी, संचारकर्मीलगायत सबै पक्षहरुको समन्वयात्मक सहयोग प्राप्त भइ नै रहेको छ । संकटको यस घडिलाई सामना गर्न अझ बढी सहयोग एवं समर्थनको अपेक्षा गरिएको छ ।

जिल्ला संकट व्यवस्थापन केन्द्र भक्तपुरले कोरोना भाईरसको महामारीबाट बच्न बचाउन र जनजीवनलाई सहज बनाउनका लागि सबै निकायहरुसँग समन्वय गर्दै कामहरु गरिरहेको सबैमा विदितै रहेको छ । यसैको क्रममा **CMC** ले गरेका कामहरु र भइरहेका गतिविधिहरु समेटी बुलेटिन प्रकाशन गर्दै तेस्रो अंकसम्म आइपुगिएको छ । बुलेटिन प्रति तपाइहरुको चासो यसैको फलस्वरुप प्राप्त रचनात्मक सुझावले गर्दा नै प्रकाशनले निरन्तरता पाएको छ । जिल्लाबासीप्रति हाम्रो उत्तरदायित्वको एक विधिका रुपमासमेत बुलेटिनको प्रकाशनलाई लिइएको छ । यसैले सबैबाट रचनात्मक सुझाब र सहयोगकोसमेत अपेक्षा राख्दै बुलेटिनको तेस्रो अंक प्रस्तुत गरिएको छ ।

daobhaktapur@gmail.com
Viber or SMS 9840177327

कोरोना संकट समाधानका लागि जनप्रतिनिधिहरु एकै ठाँउ

विकास निर्माणका कार्यलाई अघि वढाइने, कृषिमा सहजीकरण गरिने

जिल्लामा कोभिड १९ संकट रोकथामको कामलाई थप प्रभावकारी बनाउदै विकास निर्माणमा सहजीकरण गर्ने विषयमा छलफल गर्न भक्तपुर जिल्लास्थित जनप्रतिनिधिहरुको सर्वपक्षिय छलफल सम्पन्न भयो ।

कोरोना भाइरस संक्रमण भित्रिन नदिने तर अत्यावश्यक सेवालाई व्यवस्थित रुपमा संचालन गर्न व्यवस्था मिलाउने विषयमा यस कार्यक्रममा छलफल भयो ।

जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलालज्यूको अध्यक्षतामा मिति २०७७ बैशाख १३ गते जिल्ला समन्वय समिति भक्तपुरले सर्वपक्षीय छलफल आयोजना गरेको हो । यस कार्यक्रममा जिल्लास्थित संघीय तथा प्रदेश सभाका सांसदज्यूहरु, नगरपालिकाका मेयरज्यूहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरुलगायत सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

यसका साथै कोरोना संक्रमणबाट बच्न उच्च सतर्कता अपनाउँदै प्राथमिकताप्राप्त विकास निर्माणका कामलाई अगाडि वढाउने, अत्यावश्यक व्यवसायलाई निरन्तरता दिने, खाद्यान्न आपूर्ति, कृषिकर्मलाई कसरी व्यवस्थित रुपमा संचालन गर्न सकिन्छ भन्ने बारेमा छलफल भयो ।

यस कार्यक्रममा खेतीको समय भएकोले आसपासका जिल्लासँगसमेत समन्वय गर्दै कृषि सामग्री र मलवीउ कृषकसम्म पुऱ्याउन पहल गर्ने प्रतिवद्धता जनाइयो ।

जरो आउने, खोकी लाग्ने र फ्लु जस्तो देखिने लक्षण भएमा स्वास्थ्यसंस्थामा तुरुन्त सम्पर्क गरौं
संकास्पदा विरामीलाई RDT बिधिबाट चेकजाँच गरी तुरुन्त रिपोर्ट प्राप्त गर्न सकिन्छ ।

CMC भक्तपुरको चौथो बैठक सम्पन्न

मिति २०७७।१।१२ गते श्रीमान प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको चौथो बैठक बस्यो । हालसम्मको अवस्थाको समीक्षा गर्दै कोभिड १९ को रोकथामका लागि पहल थप सशक्त पार्दै लैजाने विषयमा छलफल गरी निर्णय भयो ।

निर्णयहरु

१. कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रण का लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको, हालसम्म चैत्र १ गते २०७६ भन्दा पछाडि नेपाल प्रवेश गरेका ४११ पहिचान भएको ३६१ को परीक्षण गरिएको सबैको रिपोर्ट नेगेटिभ रहेको, भक्तपुरमा रहेका ९ जना मुसलमानहरुको परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको संकास्पद व्यक्तिहरुको खोजीको कामलाई निरन्तरता दिने ।

२. स्थानीय तह, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालय मार्फत आपूर्ती व्यवस्थापन सहज वनाउन बजार अनुगमन भैरहेको । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखको संयोजकत्वमा गठित आपूर्ती व्यवस्थापन सहजीकरण समितिको कामलाई अझ सशक्त पार्ने।

३. विकास निर्माण सहज गराउन विकास निर्माणका आयोजनाहरुलाई सहजीकरण गर्दै पास वितरण गरिएको । जिल्लामा हुने विकास निर्माणको गतिविधिका कुनैपनि काममा वाधा अवरोध आउन नदिन जिल्ला समन्वय अधिकारीले समन्वय गर्ने ।

४. भक्तपुर जिल्लामा रहेका इँटाभट्टामा कार्यरत तथा अन्य मजदुरहरुलाई घर पठाउन घर भएकै स्थानीय तह तथा जिल्ला र माननीयहरुको अनुरोधमा समन्वय गरी करिव ५० हजारलाई फिर्ता पठाइएको । बाँकी करिव ३ हजार नेपाली र करिव ३ हजार भारतीयको सन्दर्भमा रोजगारदाता सँग समन्वय गरी आवश्यक निर्णय गर्ने ।

५. जिल्लामा कृषकले बाली उठाउने र बाली लगाउने समय भएकोले हुँदा यस अवस्थामा वीउ विजन, मल तथा कृषि उपकरण र जनशक्तिको सहज पहुँचका लागि जिल्ला कृषि कार्यालयका प्रमुखले संयोजन गर्ने ।

CMC पदाधिकारीहरुको सम्पर्क नम्वर

जि.स.स. प्रमुख नवराज गेलाल	९८५११९०७२४
प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे	९८५१२१७७७७
जि.स.अधिकारी जगन्नाथ लामिछाने	9851276222
स.प्र.जि.अ. दिलिप प्रसाद लामिछाने	9840108524
प्रमुख सेनानी शिवप्रसाद पौडेल	9851159188
प्रहरी उपरीक्षक सविन प्रधान	९८५१२१५५५५
सशस्त्र प्र. उपरीक्षक विश्वकुमार भट्टराई	९८५१२७२०३४
उप अ.नि. सुरेन्द्र कोइराला	9851174546
मे.सु. डा. सुमित्रा गौतम	९८५८०२३०४७
का.प्र. कृष्णबहादुर मिजार	9841884419
प्रमुख श्री मनोज थापा, ने रे सो	

अत्यावश्यक सवारीका लागि ई-पास जारी हुँदै

लकडाउनको प्रभावकारी कार्यान्वयन गर्ने र आम जनजीवनलाई सहज बनाउन अत्यावश्यक सवारी साधनको लागि यस कार्यालयबाट ई-पास उपलब्ध गराइँदै आएको छ । हालसम्ममा २४२७ वटा आवेदन प्राप्त भएकोमा आवश्यकता र औचित्यतासमेतका आधारमा ४२१ वटा ई-पास जारी गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सवारी साधनको लागि मात्र पास स्वीकृत गर्ने हुँदा अनावश्यकरुपमा टेलिफोन सम्पर्क र अनलाईन दरखास्त नगरी लकडाउनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुऱ्याउन अनुरोध गरिएको छ । अत्यावश्यक सेवा संचालन गर्ने तथा अत्यावश्यक अवस्थाका सवारी साधन तथा व्यक्तिलाई पास आवश्यक नपर्ने सबैमा अनुरोध गरिएको छ ।

विकास निर्माण सहज गराउन विकास निर्माणका आयोजनाहरुलाई सहजीकरण गर्दै सवारी पास वितरण भइरहेको छ ।

सुरक्षाकर्मी तथा कर्मचारीले e-pass पास चेक गर्ने तरिका

मोवाइलको म्यासेज बक्समा गई V *code number* राखी १११२ मा SMS गर्ने → जारी भएको पासको विस्तृत विवरण प्राप्त हुन्छ → प्राप्त विवरणअनुसार सवारी/मानिसको Verify गर्ने

E pass आवेदन गर्ने तरिका

म्यासेज बक्समा गई १११२ मा SMS गर्ने → SMS मा epass.moha.gov.np को लिङ्क प्राप्त हुन्छ → यस लिङ्कमा गई आवश्यक विवरण राखी फारम भरी पठाउने → पास स्वीकृत भएमा एउटा कोड नम्बरको SMS प्राप्त हुन्छ → अस्वीकृत भएमा सो को जानकारी आउछ → पाससम्बन्धी निर्णय हुन समय लाग्न सक्ने

सवारी साधन अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरु

नेपाल सरकार, गृह मन्त्रालयबाट स्वीकृत सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि २०७६ अनुसार आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधन तथा व्यक्तिहरु

१. एम्बुलेन्स, शवबहान, दमकल ।
२. झण्डावाल सवारी ।
३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु ।
४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।
५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्रिबितरणमा संलग्न हुने जनशक्तिहरु ।
६. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति ।
७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति।
८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।
९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु ।

सवारी साधन प्रयोगकर्तासँग अनिवार्यरुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ ।

सुरक्षाकर्मी तथा सम्बन्धित कर्मचारीले माग गरेको अवस्थामा औचित्य पुष्टि गर्ने प्रमाण/कागजातसमेत देखाउनुपर्ने छ ।

लकडाउनको परिपालना

कोरोना भाइरसको प्रकोपको सतर्कताका लागि नेपाल सरकारले मिति २०७६।१२।१० वाट सुरु भएको लकडाउनको अवधि पछिल्लो पटक २०७७ बैशाख २५ गतेसम्मका लागि कायम रहेको छ । लकडाउनको परिपालनाका लागि जिल्लावासीको उल्लेख्य समर्थन रहेको छ । भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तहसँग समन्वय गरी अझ कडाई गर्ने भनी CMC भक्तपुरबाट निर्णय भएअनुसार मानिसको हिडडुललाई नियन्त्रण गर्न थप सुरक्षाकर्मीहरु परिचालन गरिएको छ। जिल्लामा रहेको अरनिको राजमार्गको साँगादेखि मनोहरापुल खण्डमा सुरक्षाजाँचलाई बाक्लो बनाइएको छ । भित्री सडक तथा वस्तीहरुमा सुरक्षा गस्तीको संख्या बढाइएको छ ।

स्वयंसेवक परिचालन

नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई थप प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सुरक्षा निकायको समन्वयमा रहने गरी भिडभाड हुनसक्ने स्थानहरुको पहिचान गरी नगरपालिका, स्थानीय युवा र स्काउटका स्वयंसेवकहरुको परिचालन गरिएको छ ।

परिचालित स्वयंसेवकहरुले लकडाउनको कार्यान्वयन गराउन मद्दत गर्नुका साथै अत्यावश्यक सामग्रीको लागि घर बाहिर निस्किएका मानिसहरुबीच भौतिक दूरी कायम राख्न महत्वपूर्ण सहयोगी भूमिका निर्वाह गरिरहेको पाइएको छ ।

भक्तपुर जिल्लामा संकटको समयमा सम्पर्क गर्न सकिने नम्वरहरु

सुरक्षा निकाय

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
जिल्ला प्रशासन कार्यालय	प्र.जि.अ. हुमकला पाण्डे	६६१४४३७	९८५१२१७७७७
जिल्ला प्रशासन कार्यालय	स.प्र.जि.अ.दिलिप प्र. लामिछाने	६६१५५९५	9840108524
विरदल गण सुर्यविनायक व्यारेक	गणपति शिबप्रसाद पौडेल	५०९२२७५	9851159188
महानगरिय प्रहरी परिसर भक्तपुर	प्र.उ. सबिन प्रधान	६६१७१३१	९८५१२१५५५५
सशस्त्र प्रहरी बलनं.२२	स.प्र.उ. विश्व कुमार भट्टराई	5144510	९८५१२७२०३४
रा. अनुसन्धान जिल्ला कार्यालय	उ.अ.नि. सुरेन्द्र कोइराला	६६१८७७७	9851174546

अस्पताल

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
भक्तपुर अस्पताल	मे.सु. डा.सुमित्रा गौतम	६६१४४३०	९८५८०२३०४७
स्वास्थ्य कार्यालय भक्तपुर	का.प्र. कृष्णबहादुर मिजार	६६१६०१०	9841884419
भक्तपुर क्यान्सर अस्पताल	कार्यालय प्रमुख		
शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र	का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ	६६१४७०९	९८५१११५१३६
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र	आ.चिकित्सक नदन कँडेल	६६१२०८८	9851185728

औषधि

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
नेपाल औषधी व्यवसायी संघ	महासचिव विनोद प्र. सापकोटा	6632107	9841288675

एम्बुलेन्स

चालकको नाम थर	फोन नं.	एम्बुलेन्सको धनी)निकाय(
कोरोना विशेष		
पुण्य खत्री/राजन बासुकला	9851082799	भक्तपुर नगरपालिका
बुद्ध कृष्ण बाग	9841257048	मध्यपुर ठिमी नगरपालिका
केशवराज थापा	9841395199	सुर्यविनायक नगरपालिका
शिवहरी अधिकारी	9851241809	चाँगुनारायण नगरपालिका
अरुन सैजु	९८५१०७११३९	भक्तपुर अस्पताल
भक्तपुर नगरपालिका		
मिलन पुरी	9849857332	नेपाल रेडक्रस सोसाईटी भक्तपुर
केशवराज थापामगर	9841257892	जिल्ला समन्वय समिति
भिमसेन गेलाल	9860171552	भक्तपुर क्यान्सर अस्पताल
लक्ष्मण श्रेष्ठ	9860025333	डा. ईवामुरा अस्पताल
रकि दुवाल/रमेश कुस्मा	9851018177	मानव अंग प्रत्यारोपण केन्द्र
कृष्ण राम कोजु	9840256350	भक्तपुर अस्पताल
मध्यपुर थिमी नगरपालिका		
कृष्ण चन्द्र श्रेष्ठ	9841257048	नेपाल कोरिया मैत्री अस्पताल
नविन परियार सानुकाजी श्रेष्ठ	9851133613	मध्यपुर अस्पताल
दिपक घजु	9851133797	नागरिक सामुदायिक अस्पताल
सुर्यविनायक नगरपालिका		
लक्ष्मी भक्त ह्याङ्गजु	9843559090	नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक
भिमबहादुर खत्री	9843633744	सुडाल ब्रह्मायणी विकाश केन्द्र
राकेश राजथला	9741323296	अखण्ड सेवा समिति
श्रीकृष्ण खड्का	9841477794	ग्रामिण विकाश पुर्वाधार केन्द्र
चाँगुनारायण नगरपालिका		
विवेक लामिछाने	9841233600	नेपाल रेडक्रस सोसाईटी नगरकोट
दिपक थापा	9741233815	नेपाल रेडक्रस ताथली शाखा
उत्सव के.सी.	9849424813	चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र
प्रकाश गजुरेल	9841466550	काठमाडौं क्यान्सर सेन्टर
लक्ष्मण भुट्ट	9860335944	हरिणाम संक्रिटन सेवा समिति

सामाजिक दूरी कायम गरौं, कोरोनाबाट सुरक्षित रहौं

खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।

क्वारेन्टिन, आइसोलेसन, आइसियू र भेन्टिलेटर तयार

भक्तपुर जिल्लामा कोभिड-१९ को तयारीस्वरुप हालसम्ममा ३ वटा क्वारेन्टिनस्थल तयार गरिएको छ । नेपाल विद्युत प्राधिकरण खरिपाटी, कृषि तालिम केन्द्र बोडे र खानेपानी तालिम केन्द्र तेलकोटमा क्वारेन्टिनस्लमा गरी २९९ बेड, तयार गरिएको हो ।

जिल्लास्थित अस्पतालहरुमा गरी ५५ वटा आइसोलेसन, २३ वटा भेन्टिलेटर र ३८ वटा आइसियु बेड तयार हालतमा राखिएको छ।

अस्पताल	आइसोलेसन	भेन्टिलेटर	आइसियु
काठमाडौ मेडिकल कलेज	15	2	10
भक्तपुर अस्पताल	10	2	
डा ईवामुरा अस्पताल	6	1	3
आरोग्य अस्पताल	5	2	
मध्यपुर ठिमी अस्पताल	5	3	10
नेपाल कोरिया अस्पताल	4	4	6
नागरिक अस्पताल	3	1	
समिट अस्पताल	3	2	6
मानवअंग प्रत्यारोपण केन्द्र	2	2	2
सिद्धि मेमोरियल अस्पताल	1	3	1
नेपाल नेत्रज्योति अस्पताल	1	1	
जम्मा	55	23	38

खरिपाटी २०८
बोडे ६८
तेलकोट २३

२९९
क्वारेन्टाइन वेड

कोरोना विशेष - ५ वटा

साधारण- १८ वटा

२३
एम्बुलेन्स

कोभिड-१९ को रोकथाम, नियन्त्रणसम्बन्धी आवश्यक सूचना संकट व्यवस्थापन केन्द्र (CMC) भक्तपुरमा उपलब्ध गराइदिनहुन सबैमा हार्दिक अनुरोध छ ।

daobhaktapur@gmail.com
फोन नं ६६१४४३७
Viber or SMS 9840177327

स्थानीय तह

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
जिल्ला समन्वय समितिको कार्यालय	जि.स.अ.जगन्नाथ लामिछाने	६६१४८२६	9851276222
भक्तपुर नगरपालिकाको कार्यालय	प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल	६६१००७६	9841407373
मध्पुरथिमी नगरपालिका कार्यालय	प्र.प्र.अ.विश्वराज मरासिनी	६६३१४०५	9851190542
चाँगुनारायण नगरपालिका कार्यालय	प्र.प्र.अ.चिरन्जिवी तिम्सिना	6616611	९८५११७७९५५
सूर्यविनायक नगरपालिका कार्यालय	प्र.प्र.अ.कमल ज्ञवाली	६६१२४४३	9851277111

दमकल

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
जुद्ध वारुण यन्त्र कार्यालय	का.प्र. राजनप्रसाद दाहाल	६६१२३८२	९८५११५०९१३

बिद्युत तथा टेलिफोन

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
का.उ.खानेपानी लिमिटेड दुधपाटी	शा.प्रमुख सुरेन्द्र हिमालय	६६१०२३५	९८४९१८८२९१
नेपाल टेलिकम भक्तपुर	का.प्र. दिनेशहर्ष बज्राचार्य	६६१००००	9851105570
नेपाल टेलिकम ठिमी	का.प्र. सुरेन्द्र शाह	६६३३६००	9851022176
नेपाल विद्युत प्राधिकरण भक्तपुर	का.प्र. राजकुमार रमण	६६११०९८	9851273714
नेपाल विद्युत प्राधिकरण ठिमी	शाखा प्रबन्धक सुबोध शर्मा	६६३५३२८	9851273715

खाद्यबस्तु आपूर्ती

कार्यालय	नाम	कार्यालय	मोबाईल नम्बर
भक्तपुर उद्योग बाणिज्य संघ	का. अ. राजुमान बज्राचार्य	6614851	9841285577
घरेलु तथा साना उद्योग कार्यालय	उ.अ.सुबोध कुमार साह	५०९२६९६	९८५११८५८९२

जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

पद नाम थर	कार्यालय	फोन नं
मे. अ. डा. निसा राई	सूर्यविनायक नगर अस्पताल	९८४९२३१५१७
ज.स्वा.नि.स्वस्ती आचार्य	कटुन्जे हे.पो.	९८४१११११७७
ज.स्वा.नि.पुण्य प्र. काफ्ले	वालकोट हे.पो	९८४१७१५५१३
ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई	गुण्डु हे.पो.	९८४४४१२१४३
ज.स्वा.नि.मदन राजथला	सिरुटार हे.पो.	९८४१३००४५९
सि.अ.हे.ब.राम प्रसाद लम्साल	लोकन्थलि हे.पो.	९८४१४३०१४३
ज.स्वा.नि.सरोज कूमार राय	ठिमी हे.पो.	९८४४०५७७२९
ज.स्वा.नि.श्याम कुमार थापा	बालकुमारी हे.पो.	९८४१४४५५५८
सि.अ.हे.ब.राजन खड्का	सुडाल हे.पो.	९८६३१९९२४५
हे.अ.बलराम तिमल्सेना	बागेश्वरी हे.पो.	९८४१३२२६४५
ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल	चागु प्रा.स्वा.के.	९८५१०६८९५०
सि.अ.हे.ब.बिष्णु थापा	झौखेल हे.पो.	९८५१०३९४९३
ज.स्वा.नि.हरिनारायण प्रसाद शाह	ताथली हे.पो.	९८४१३७४४३७
सि.अ.हे.ब.ज्ञानेन्द्र प्रसाद जोशी	दुवाकोट हे.पो.	९८४९२०८१९०
सि.अ.हे.ब.मनोज कुमार मण्डल	नगरकोट हे.पो.	९८४१६७०३३७
ज.स्वा.नि.दिल कुमार दुवाल	छालिङ्ग हे.पो.	९८४१३९४०६४
हे.अ.रोजिना थापा	नङ्गखेल हे.पो.	९८४९२४५२२०
सि.अ.हे.ब.उमेश धौभडेल	सिपाडोल हे.पो.	९८४१३९४६५८
हे.अ.राजेन्द्र फैजु	चित्तपोल हे.पो.	९८४१२९९५१६
सि.अ.हे.ब.तेज कुमार पुन	नगदेश हे.पो.	९८६६९०८०२८
ज.स्वा.नि.धन ब. बिष्ट	बोडे हे.पो.	९८६८७७७०३०
हे.अ.मीरा कुमारी सिंह	श.स्वा. के. झौखेल	९८६०९४३००८
हे.अ.कुमार के.सि.	श.स्वा. के. झाप्रा	९८५११२९५९०
हे.अ.सुदिप आचार्य	श.स्वा. के. ताथगाल	९८४३२४१५७१
हे.अ.उत्सब सापकोटा	श.स्वा.के.घ्याम्पेडांडा	९८६०१०८०६१
हे.अ.कमल अछामी	श.स्वा.के. कांक्राबारी	९८६११३८७८२
अ.न.मि.जमुना काफ्ले	श.स्वा.के. च्यामासिङ	९८४१६३७६४७
स्टाफ नर्स रचना सुवाल	श.स्वा.के. च्यामासिङ	९८४११३११४४
स्टाफ नर्स शुसिला प्रजापती	श.स्वा. के. निकोसेरा	९८४१५३१४३३
हे.अ.अम्बिका प्रजापती	श.स्वा. के. बोडे	९८४९२०९७११
हे.अ.कमल केशरी राजचल	श.स्वा. के. ब्यासी	९८४१६९२९५२

जिल्लाका महत्वपूर्ण व्यक्तिहरु, अस्पताल तथा एम्बुलेन्सहरुको सम्पर्क नम्बर daobhaktapur.moha.gov.np तथा कार्यालयको फेसबुकबाट प्राप्त गर्न सकिन्छ ।

विदेशबाट आएका र संकास्पदको व्यक्तिको कोरोना परीक्षण हुँदै

मिति २०७६ सालको चैत्र महिनामा भारतलगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी हाल भक्तपुरमा रहेका व्यक्तिहरुको परीक्षण भइरहेको छ ।

त्यस्ता व्यक्तिहरुको लगत लिई घरमै क्वारेन्टिनमा बस्न अनुरोध गर्नुका साथै निगरानीमासमेत राखिएको छ । हालसम्म पहिचान भएका वा आफै सम्पर्कमा आएका त्यस्ता व्यक्तिहरुको संख्या ४१० जना रहेको छ । सेल्फ क्वारेन्टिनमा वसेको अवधि पूरा भएकालाई ३६० जनाको कोरोना परीक्षण भएको छ ५० जनाको परीक्षण बाँकी रहेको छ। हालसम्म सबै परीक्षणको COVID-19 NEGATIVE पाइएको छ भने बाँकीकोसमेत अवधिका आधारमा परीक्षण गर्ने कार्य भइरहेको छ ।

विदेशबाट आएका कोही व्यक्तिको लगतमा छुट भएको भए वा जरोलगायत कुनै लक्षण देखिएको भए तुरुन्त सम्बन्धित स्थानीय तह, नजिकैको स्वास्थ्यसंस्था वा CMC मा जानकारी गराउनहुनसमेत अनुरोध छ ।

विदेशबाट आएका व्यक्तिहरुको परीक्षण



हालसम्म ७३० जनाको कोरोना परीक्षण सम्पन्न सबै नजिता नेगेटिभ





RDT Test

अस्पताल/नपा	महिला	पुरुष	जम्मा
भक्तपुर अस्पताल	112	186	298
भक्तपुर न पा	10	15	25
मध्यपुर थिमी न पा	1	0	1
सुर्यविनायक न पा	6	14	20
चाँगुनारायण न पा	0	0	0
जम्मा	129	215	344

PCR test

PCR test	महिला	पुरुष	जम्मा
भक्तपुर अस्पताल	128	159	287
नेपाल कोरिया मैत्री अस्पताल	41	58	99
जम्मा	169	217	386

मिति २०७६ सालको चैत्र महिनामा भारतलगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी हाल भक्तपुरमा रहेका व्यक्तिहरुलगायत जरोका अन्य शंकास्पद विरामीहरुको कोरोना परीक्षण भइरहेको छ ।

कोरोनाको लक्षणसँग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको Polymerase Chain Reaction (PCR) र Rapid Diagnostic Test (RDT) परीक्षण गर्ने कार्य भइरहेको छ । २०७७ बैशाख १२सम्ममा RDT विधिबाट ३४४ जना र PCR बिधिबाट ३८६ जना गरी कुल ७३० जनाको परीक्षण भएको छ हालसम्म सबै नतिजा नेगेटिभ देखिएको छ ।

हब अस्पतालमा रहेको भक्तपुर अस्पतालमा कोभिड-१९ को द्रुत परीक्षण (Rapid Diagnostic Kit) हुने गरेको छ, भने PCR का लागि स्वाव संकलनको काम हुने गरेको छ । यसका साथै नेपाल कोरीया मैत्री अस्पतालमासमेत PCR परीक्षण हुँदै आएको छ । सबै नगरपालिकाहरुमा RDT परीक्षण गर्ने गरिएको छ ।

यसका साथै भक्तपुरमा रहेका ९ जना मुसलमानहरुको कोरोना परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ । कोरोना प्रभावित हुन सक्ने सबै शंकास्पद व्यक्तिहरुको खोजी र परीक्षण निरन्तर भइरहने छ।

बिदेशबाट आएका व्यक्तिहरुको नगरपालिका/अस्पतालगत परीक्षण



BKT Hos – भक्तपुर अस्पताल, Nep Koria- नेपाल कोरीया मैत्री अस्पताल, Sukraj- शहिद सुक्रराज अस्पताल, SB Mun-, सुर्यविनायक नपा अस्पताल Bkt Mun- भक्तपुर नपा अस्पताल

रुघा खोकी र फ्लू जस्तो लक्षण देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिऔं ।

खाद्य सामग्रीहरुको मौज्दात पर्याप्त,

किनमेलमा स्वास्थ्य सतर्कता अपनाइएको

भक्तपुरका बजारमा दैनिक उपभोग्य खाद्यान्न वस्तुहरुको संचिति पर्याप्त रहेको देखिएको छ । भक्तपुरको स्थानीय तह, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालय मार्फत आपूर्ती व्यवस्थापन सहज वनाउन बजार अनुगमन भैरहेको छ । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखको संयोजकत्वमा गठित आपूर्ती व्यवस्थापन सहजीकरण समितिले आफ्नो कामलाई अझ सशक्त पार्दै लगेको छ । भक्तपुर नगरपालिकालगायत सबै नगरपालिकाहरुले उपभोग्य वस्तु खरिद गर्दा दूरी कायम गर्न र संक्रमणबाट बच्न विभिन्न कार्यक्रहरु गरीरहेका छन् ।

दैनिक उपभोग्य खाद्यान्न वस्तुहरुमात्र बिक्री गर्ने गरी भाटभटेनीलगायत सुपरमार्केट खोलिएको छ । कोभिड १९ को सतर्कता अपनाउन भाटभटेनीमा १ पटकमा १० जनालाई प्रवेश दिने र प्रत्येकलाई खरिदका लागि २० मिनेट समय दिने गरी व्यवस्थापन गरिएको र उपभोक्ताले आपसमा ३ मिटर दूरी कायम गर्ने तथा प्रवेश गर्नु अगि स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्थासमेत मिलाइएको छ ।

यसै गरी अन्य ठुला खाद्यान्न स्टोरहरुमासमेत क्रमश व्यवस्थापन गर्दै जाने CMC भक्तपुरको योजना रहेको छ ।

भक्तपुरमा अलपत्र मजदुरहरु घर जाँदै

भक्तपुरका ईट्टा भट्टाहरुमा काम गर्ने मजदुरहरुको रोजगारी नभएको र दैनिक खान बस्नसमेत समस्या भएको देखिएको हुँदा घरमा पठाउनका लागि समन्वय र सहयोग गरिएको छ।

मिति २०७७ बैशाख ९ गते भक्तपुरका विभिन्न ईट्टा भट्टामा कार्य गर्ने मजदुरहरु २५ वटा बसमा करिव १००० जना र अन्य १५ वटा बसमा करिव ५०० जना गरि ४० वटा गाडीमा करिव १५०० जना पश्चिम कोटेश्वर थानकोट नाकाबाट दाङ्ग, रोल्पा, रुकुम, सल्यान, जाजरकोट तर्फ जानका लागि समन्वय गरिएको छ । भक्तपुर जिल्लामा रहेका इटाभट्टाहरुमा कार्यरत १३२३ जना नेपाली र २९४० जना भारतीय कामदारहरु अझै बाँकी रहेका छन् । नेपाली कामदारहरुलाई सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गरी पठाउने व्यवस्था भैरहेको छ ।

दैनिक जस्तो करिव ३०० जना व्यक्तिहरुलाई दिनभरीमा कौशलटार, जगातीलगायत स्थानमा विभिन्न संस्थाहरुले खाना खुवाई सुरक्षाकर्मी मार्फत जगाती चेकपोष्ट हुँदै आवश्यक सेवामा रहेका सवारी साधन मार्फत पूर्वका विभिन्न जिल्लाहरुमा पठाइएको छ।

अलपत्र व्यक्तिहरुसँग सुरक्षाकर्मी

भक्तपुर नगरपालिकामा लगत लिई राहत वितरण

भक्तपुर नगरपालिकाले आफ्ना विभिन्न वडाहरुमा बस्दै आएका विपन्न एवं दैनिक ज्यालादारी मजदूरी गर्ने घर परिवारलाई राहत वितरणको काम भइरहेको छ । वडाहरुबाटै एकद्वार प्रणालीबाट राहत वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

कोरोना संक्रमणको जोखिम न्यूनीकरण तथा रोकथामका लागि नेपाल सरकारद्वारा लकडाउन घोषणा गरिएको समयमा अति विपन्न, असंगठित श्रमिक वर्ग तथा असहायहरुलाई यसरी राहत प्रदान गरिएको हो ।

वडा नं.	राहत वितरण गरिने स्थान	वडाध्यक्ष	लाभग्राही परिवार संख्या	वितरित **परिवार** संख्या
१ वडा	घरदैलो वितरण	श्यामकृष्ण खत्री	४१० परिवार	३७१ परिवार
२ वडा	वडा कार्यालय अगाडिको पाटी	हरि प्रसाद बासुकला	२०३ परिवार	१९१ परिवार
३ वडा	मेधा मावि	राजकृष्ण गोरा	१०० परिवार	७२ परिवार
४ वडा	घरदैलो वितरण	कृष्णलक्ष्मी दुवाल	२२० परिवार	१८६ परिवार
५ वडा	घरदैलो वितरण	प्रेमगोपाल कर्माचार्य	१५० परिवार	१३७ परिवार
६ वडा	घरदैलो वितरण	हरिराम सुवाल	१५० परिवार	१२६ परिवार
७ वडा	घरदैलो वितरण	उकेश कवां	१६० परिवार	१५८ परिवार
८ वडा	वडा कार्यालय, लिवाली	महेन्द्र खायमली	४२० परिवार	३१५ परिवार
९ वडा	दत्तात्रय आधारभूत विद्यालय	जगतलाल मानन्धर	२०० परिवार	१७० परिवार
	वागीश्वरी मावि, च्याम्हासिंह	छोरीमैयाँ सुजखू		
१० वडा	ख्वप कलेज देकोचा	लक्ष्मी प्रसाद ह्यौमिखा	६७५ परिवार	५२७ परिवार
	कमलविनायक भोजघर			
	जम्मा		२६८८ परिवार	२२५३ परिवार
	८३.७७ प्रतिशत	**सम्पर्क व्यक्ति: रविन्द्र ज्याख्व (९८४१३५८३३३)**		

सडकमा अलपत्रहरुले उपत्यका छाड्ने क्रम बढ्यो

पूर्वका जिल्लाहरुका नगरपालिका तथा गाउँपालिकाको समन्वय र यातायात कम्पनीका वस मार्फत् आ-आफ्ना स्थानीय बासिन्दा लिन गाडी तथा प्रतिनिधि पठाई उपत्यका वाहिरिने क्रम बढेको छ ।

मिति २०७७।०१।०९ गते भन्दा पछाडि मानिसहरु अप्रत्याशित रुपमा भक्तपुरका विभिन्न स्थान तथा कोटेश्वर हुँदै जडिबुटीमा जम्मा हुने गरेको पाइएको छ । पूर्वका जिल्ला दोलखा, रामेछाप तथा सिन्धुलीको नगरपालिका तथा गाउँपालिकाको समन्वय र यातायात कम्पनीका बस मार्फत् आ-आफ्ना स्थानीय बासिन्दा लिन गाडी तथा प्रतिनिधि पठाउने गरिएको देखिएको छ । ९ गते र १० गते दैनिक करिव ३०० वटा बसहरुमा १५००० जना र अन्य सवारी साधनमा करिव १००० व्यक्ति गरि १६००० व्यक्ति भक्तपुर हुँदै पूर्व तर्फ गएका छन् ।

यस बुलेटेन तयार पार्दासम्मको अवस्थालाई हेर्दा उपत्यकावाट वाहिर जानेको ठुलो संख्या गइसकेको हुँदा भक्तपुर जिल्लाबाट बाहिर जाने चाप घटेको देखिएको छ ।

डिसइन्फेक्सन गर्न खटिएका स्वंयसेवक र सुरक्षाकर्मीहरु साँगामोडमा

प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय भक्तपुर

संकट व्यवस्थापन केन्द्र भक्तपुर
Crisis Management Center (CMC) Bhaktapur

ईमेलः daobhaktapur@gmail.com फोन नं ६६१७४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।

facebook/daobhaktapur
यो कोड स्क्यान गरी हाम्रो फेसबुक पेज हेर्न सक्नुहुन्छ
पेज लाइक गरी नियमित रुपमा नोटिफिकेशन प्राप्त गर्न सकिन्छ ।
twitter/daobhaktapur

www.daobhaktapur.moha.gov.np भित्र कोभि १९ CMC मेनु

Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person **रविन्द्र गौतम Viber 9840177327**